# मध्यमकालीन खर्च संरचनामा आधारित आगामी आ.व.को विनियोजन विधेयक २०७८

गाउँसभामा स्वीकृतिको लागि पेश भएको मिति : २०७८।०३।१०

हतुवागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

प्रदेश नं. १, नेपाल

प्रेम कुमार राई

अध्यक्ष

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

# मध्यमकालीन खर्च संरचनामा आधारित आगामी आ.व.को विनियोजन विधेयक २०७८

हतुवागढी गाउँपालिका, भोजपुरको मध्यमकालीन खर्च संरचनामा आधारित आगामी आ.व. को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन गरि खर्च गर्न व्यवस्था गर्न बनेको विधेयक

गाउँसभामा पेश भएको मिति: २०७८।०३।१०

प्रस्तावना : हतुवागढी गाउँपालिका, भोजपुरको आ.व. २०७८।०७९, ०७९।०८० र ०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम हतुवागढी गाउँपालिका, भोजपुरको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "हतुवागढी गाउँपालिकाको विनियोजन विधेयक, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष आ.व. २०७८।०७९, ०७९।०८० र ०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१)आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी क्रमश जम्मा रकम ३६,५५,४५,००० (छत्तिस करोड पचपन्न लाख पैचालिस हजार), ४०२०९९५००(चालिस करोड बिस लाख पन्चानब्बे हजार पाँच सय), ४४२३०९४५०(चौवालिस करोड तेइस लाख नौ हजार चास सय पचास) मा नबढाई निर्दिष्ट गरिए बमोजिम अनुसूची २ मा उल्लेखित क्षेत्रहरुमा तोकिए अनुसार सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष आ.व. २०७८।०७९, ०७९।०८० र ०८०।०८१ को निमित्त हतुवागढी गाउँपालिका, भोजपुरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

प्रेम कुमार राई
अध्यक्ष

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

अनुसूची १

## आय तथा व्ययको प्रक्षेपण

रु. हजारमा

| शीर्षक | आ.व.२०७८। ०७९ को अनुमान | आ.व.२०७९। ०८० को अनुमान | आ.व.२०८०। ०८१ को अनुमान |
|---|---|---|---|
| आय | | | |
| राजस्व | ३६५५४५ | ४०२०९९.५ | ४४२३०९.४५ |
| आन्तरिक श्रोत | ७७६५३ | ८५४१८.३ | ९३९६०.१३ |
| भुमिकर/मालपोत | ५१०० | ५६१० | ६१७१ |
| सिफारिस दस्तुर | ७५० | ८२५ | ९०७.५ |
| व्यक्तिगत घटना दस्तुर | ७५० | ८२५ | ९०७.५ |
| नाता प्रमाणित दस्तुर | ५०० | ५५० | ६०५ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५०० | ५५० | ६०५ |
| परीक्षा शुल्क | २०० | २२० | २४२ |
| घर बहाल कर | २०० | २२० | २४२ |
| धरौटी सदर स्याहा | २०० | २२० | २४२ |
| बेरुजु | ५०० | ५५० | ६०५ |
| अन्य राजस्व | ५०० | ५५० | ६०५ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १००० | ११०० | १२१० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७२५५३ | ७९८०८.३ | ८७७८९.१३ |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ६९९५५ | ७६९५०.५ | ८४६४५.५५ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ० | ० | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २५९९८ | २८५७.८ | ३१४३.५८ |
| संघीय सरकार | २८७८९२ | ३१६६८१.२ | ३४८३४९.३२ |
| समानिकरण अनुदान | २७९४०० | ३०७३४० | ३३८०७४ |
| सशर्त अनुदान चालु | ९५९०० | १०५४९० | ११६०३९ |
| सशर्त अनुदान पुँजीगत | १७१५०० | १८८६५० | २०७५१५ |
| विषेश अनुदान चालु | १२००० | १३२०० | १४५२० |
| समपुरक अनुदान पुँजीगत | ० | ० | ० |
| अन्य अनुदान चालु | ० | ० | ० |
| प्रदेश सरकार | ० | ० | ० |
| समानिकरण अनुदान | ८४९२ | ९३४१.२ | १०२७५.३२ |
| सशर्त अनुदान चालु | ५३५५ | ५८९०.५ | ६४७९.५५ |
| विशेष अनुदान चालु | ३१३७ | ३४५०.७ | ३७९५.७७ |
| समपुरक अनुदान चालु | ० | ० | ० |
| ...शिक | ० | ० | ० |
| सहभागिता | ० | ० | ० |
| ...ीय व्यवस्था (प्राप्ति) | ० | ० | ० |
| | ० | ० | ० |

प्रेम कुमार राई

| | | | |
|---|---|---|---|
| व्यय | | | |
| चालु | ३६५५४५ | ४०२०९९.५ | ४४२३०९.४५ |
| अनुगमन, मूल्यांकन खर्च | २७१४४४.८ | २९८५८९.२८ | ३२८४४८.२०८ |
| अन्य भत्ता | १००० | ११०० | १२१० |
| इन्धन - अन्य प्रयोजन | ५०० | ५५० | ६०५ |
| इन्धन (कार्यालय प्रयोजन) | २०० | २२० | २४२ |
| इन्धन (पदाधिकारी) | २५०० | २७५० | ३०२५ |
| कर्मचारी कल्याण कोष | ७०० | ७७० | ८४७ |
| कर्मचारी जनप्रतिनिधि तालिम | ३०० | ३३० | ३६३ |
| कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १००० | ११०० | १२१० |
| कर्मचारीको बैठक भत्ता | २००० | २२०० | २४२० |
| करार सेवा शुल्क | १००० | ११०० | १२१० |
| घरभाडा | ५१४० | ५६५४ | ६२१९.४ |
| टोल बिकास समिति/उपभोक्ता समिति अनुशिक्षण | १००० | ११०० | १२१० |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००० | ११०० | १२१० |
| पदाधिकारी बैठक भत्ता | २००० | २२०० | २४२० |
| पदाधिकारीअन्य सुबिधा | १६०० | १७६० | १९३६ |
| पानी तथा बिजुली | ६००० | ६६०० | ७२६० |
| सवारी साधन मर्मत | ५०० | ५५० | ६०५ |
| पारिश्रमिक कर्मचारी | १००० | ११०० | १२१० |
| हतुवागढी आँखा उपचार केन्द्रमा कार्यरत कर्मचारी | १७८०० | १९५८० | २१५३८ |
| नेपाल सरकार सँगको साझेदारीमा बालविकास | ३०० | ३३० | ३६३ |
| पोशाक | ६००० | ६६०० | ७२६० |
| बिमा तथा नवीकरण खर्च | ६०० | ६६० | ७२६ |
| भ्रमण खर्च | ५०० | ५५० | ६०५ |
| मसलन्द तथा कार्यालय सामाग्री | ३००० | ३३०० | ३६३० |
| महंगी भत्ता | ७००० | ७७०० | ८४७० |
| विविध खर्च | ८०० | ८८० | ९६८ |
| संचार महसुल | ५२५३ | ५७७८.३ | ६३५६.१३ |
| स्थानीय भत्ता | १००० | ११०० | १२१० |
| सभा सञ्चालन खर्च | २००० | २२०० | २४२० |
| सेवा र परामर्श खर्च | ६०० | ६६० | ७२६ |
| सवारी साधन तथा मेशिनर औजार भाडा | १५०० | १६५० | १८१५ |
| पूँजीगत | ८०० | ८८० | ९६८ |
| बजेट बचत (+)/न्यून | ९४१०० | १०३५१०.२२ | ११३८६१.२४२ |
| गत वर्षको नगद मौज्दात | | | |

हतुवागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोडेटार, भोजपुर प्रदेश नं. १

प्रेम कुमार राई
अध्यक्ष